श्री

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं. ३४९

पुनरावेदन नं. ०७६-RB-०२२२

पुनरावेदन दर्ता मितिः२०७६।१२।५

**मुद्दाः– अग्रिम कर (२०७०/०७१)।**

| | |
|---|---|
| का.जि.का.म.न.पा. वडा नं. १, हाल वडा नं.२९ केशरमहल, लैनचौर स्थित नेपाल एस.बि.आई बैंक लिमिटेडका तर्फबाट अख्तियार प्राप्त ऐ.का प्रबन्ध संचालक अनुकुल भट्नागर..........................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..........................................१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं.........................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु निर्णय मितिः २०७५।०२।०७

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं

निर्णय गर्ने अधिकारीः महानिर्देशक श्री विनोद बहादुर कुँवर

निर्णय मिति :२०७६।०८।२४

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री राजु शाक्य

प्रत्यर्थी कार्यालयका तर्फबाटः विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर
**अविलम्वित नजीरः ×**

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०८।२४ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. करदाता नेपाल एस.बि.आई. बैंक लिमिटेडले आ.व.२०७०।०७१ को लागि आयकर ऐन, २०५८ को दफा ९९ वमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु.१,३५,७९,६३,५४८।—(अक्षेरुपी एक अर्ब पैतिस करोड उनासी लाख त्रिसठ्ठी हजार पाँच सय अड्चालीस रुपैया मात्र) देखाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७१।०९।२८ मा विवरण पेश गरेको ।

२. करदाताको आ.व.०७०/०७० को आय विवरण र सोसंग सम्बन्धित कागजात तथा विवरणको अध्ययन, छानविन गरी कर परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम अग्रिम कर कट्टी गर्नुपर्ने केही भुक्तानीमा अग्रिम कर कट्टी गरेको नपाइएकोले ऐनको दफा ८७ र ८८ बमोजिमको अग्रिम करकट्टी माग गर्नु पर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद/ प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५(पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७५।०१।२१ मा जारी भएको सुचना ।

३. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०१।२१ मा जारी भएको सूचना करदाताले मिति २०७५।१।२३ मा बुझीलिई सोको जवाफ करदाताले मिति २०७५।०२।०३ मा पेश गरेको ।

४. करदाताको आ.व. २०७०/०७१ मा रु.५,६२,९३२।८० अग्रिम कर माग गर्न आयकर ऐन २०५८ को दफा ९० को उपदफा (८) बमोजिम कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७५।०२।०७ मा भएको निर्णय ।

५. ठूला करदाता कार्यालय, ललितपुरले मिति २०७५।०२।०७ मा जारी गरेको आ.व. २०७०/०७१ को अग्रिमकर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी करदाता नेपाल एस.बि.आई. बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।३।८ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेको ।

६. ठूला करदाता कार्यालयबाट गरेको आदेश कानून सम्मत नै देखिएकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०८।२४ मा भएको निर्णय।

७. पुनरावेदक करदाताले आ.व.२०७०/०७१ मा **VISA Master Card** सेवा प्राप्त गरे वापत रु.८,१५,२१,६०७।२३ नेपाल बाहिरका आपूर्तिकर्ता **Visa worldwide Pte And Master Card** लाई भुक्तानी गरिएकोमा विदेशमा रहेर विदेशमै भएको कारोबारमा प्राप्त गर्ने सेवा वापत भुक्तानीमा अग्रिम कर कट्टी हुन नसक्ने र सुरक्षा वापत खर्च सोधभर्ना वापतको खर्च भएकोले आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम अग्रिम करकट्टी दाखिला गर्ने गरी शुरु कार्यालयबाट भएको निर्णय र सोलाई सदर गर्ने गरी आन्तरिक राजस्व कार्यालयका महानिर्देशकबाट भएको निर्णय समेत कानून सम्मत नभएकोले बदर गरी पाउँ भन्ने वेहोराको पुनरावेदकबाट यस न्यायाधिकरणमा मिति २०७६।१२।०५ मा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।९।१७ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता नेपाल एस.बि.आई बैंक लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री राजु शाक्यले ठूला करदाता कार्यालयबाट आ.व. २०७०।०७१ मा करदाताबाट अग्रिम कर माग गर्ने गरी भएको आदेश र सो आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेको नहुँदा बदर हुनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो।

१०. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश तथा सो आदेशलाई सदर गर्ने गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

११. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको हकमा भएको अग्रिम करकट्टी माग गर्ने गरी भएको आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका

महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१२. निर्णय तर्फ विचार गर्दा, पुनरावेदक करदाता बैंकबाट आ.व.०७०/०७१ मा **Visa /Master Card** सेवा वापत ठूला करदाता कार्यालयले रु.२,५५,२८,९५८।—अग्रिम कर माग गरेको निर्णय कानुन सम्मत नरहेको भनी जिकिर लिएको देखियो। करदाताले उक्त आ.व. मा **Visa /Master Card** सेवा प्राप्त गरे वापत रु.८,१५,२९,६०७।२३ खर्च नेपाल बाहिरका आपूर्तिकर्ता **Visa World Wide PTE** लाई भुक्तानी गरिएको विदेश मै भएको कारोबारमा प्राप्त गर्ने सेवा वापत भुक्तानी रहेको भन्ने जिकीर लिएको पाइयो। आयकर ऐन, २०५८ को दफा ६७(६) (ठ)(२) मा "नेपालमा सञ्चालित क्रियाकलापका सम्बन्धमा गरिएका भुक्तानीहरूको स्रोत नेपालमा रहेको मानिनेछ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। यस स्थितिमा करदाताले भुक्तानीको स्रोत पनि नेपालमा भएको **Visa World Wide PTE and Master Card** सेवा मार्फत नेपालबाट विदेशमा रकम पठाउँदा सूचनाको उद्गम नेपाल भई नेपालबाट नै सो सेवाको उपभोग हुने भई आय आर्जनको कार्य पनि नेपालमा नै भएकोले सो आयमा करारोपण गर्ने अधिकार पनि नेपालको नै भएको देखियो। उक्त रकममा आयकर ऐन,२०५८ को दफा ८८(१) बमोजिम १५ प्रतिशतले हुने अग्रिम कर बुझाउनुपर्ने दायित्व करदातामा रहेको देखिंदा रु.२,५५,२८,९५८।— बराबरको अग्रिम कर रकम माग गर्ने गरी शुरु कर कार्यालयबाट भएको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानूनसम्मत नै देखिन आयो।

१३. करदाताको अन्तिम पुनरावेदन जिकिरमा सुरक्षा वापतको खर्चमा अग्रिम कर माग गरेको सम्बन्धमा रहेको देखियो। करदाता बैंकले आ.व.०७०/०७१ मा सुरक्षा खर्च वापत रु.५,०६,२४,५६९।— रकम भुक्तानी गरेकोमा ठूला करदाता कार्यालयबाट माग भएको अग्रिम कर रु. १,९२,८७८।- अग्रिम कर नलाग्ने भनी जिकिर लिएको पाइयो। करदाताले यस आ.व. मा सुरक्षा खर्च वापत रु.५,०६,२४,५६९।— मध्ये अन्य सुरक्षा खर्च रु.३,७९,३३०।— सुरक्षा निकायमा खटिएका कर्मचारीको खाजा खर्च वापतको सोधभर्ना वापतको खर्च भएकोले अग्रिम करकट्टी गर्न नपर्ने भन्ने जिकीर लिएको देखिन्छ। करदाताले दावी गरेको अन्य सुरक्षा खर्च समेत सुरक्षा खर्च वापत नै भुक्तानी भएको खर्च रहेको, सो खर्च वापत आयकर ऐन, २०५८ को दफा ८८(१)(४) अनुसार अग्रिम कर दाखिला गर्नुपर्नेमा लाग्ने अग्रिम कर भन्दा घटी कर दाखिला गरेको पाइन्छ। यस स्थितिमा करदाताबाट जम्मा रु.१,९२,८७८।- अग्रिम कर दाखिला गर्नुपर्ने गरी शुरु कार्यालयबाट भएको निर्णय मिलेकै देखिन आयो।

१४. तसर्थ माथि विवेचित आधार एवं कारण समेतबाट करदाता नेपाल एस.बि.आई बैंक लिमिटेड (स्थायी लेखा नं.३००३२३००३) को आ.व. २०७०/०७१ को आयकर

ऐन,२०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर माग गर्ने गरी ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७५।२।७ मा गरेको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।८।२४ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ।करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः सनिता लामा
ना.सु.: मनिषा अधिकारी
फैसला मितिः२०८०।१।५।३
प्रमाणिकरण गर्ने लेखा सदस्यः
फैसला प्रमाणित मितिः-

राजस्व न्यायाधिकरण काठमाण्डौ, मुकाम ललितपुरको छाप